# रातभरि हुरी चल्यो कथामा समाख्यानात्मक तह

**अविलाल शाह**
उपप्राध्यापक, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौँ
abilalshah.cnas@gmail.com

**सार**

*प्रस्तुत लेखमा कथाकार इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' कथाको समाख्यानात्मक तहको अध्ययन गरिएको छ । सामाजिक समस्यालाई मूल विषय बनाएर लेखिएको प्रस्तुत कथाको समाख्यानात्मक तहगत संरचना र प्रस्तुतिशैलीको खोजीमा यो लेख केन्द्रित छ । यसका लागि समाख्यानशास्त्री जानले अगाडि सारेको समाख्यानात्मक सम्प्रेषणको तह र समाख्यानात्मक अन्तर्वेशनसम्बन्धी अवधारणालाई सैद्धान्तिक ढाँचाको रूपमा प्रयोग गरिएको छ । यसमा गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषणात्मक विधिको अवलम्बन गरी समाख्यानात्मक संरचनाका घटकहरूबिचको लम्बीय तथा क्षितिजीय सम्बन्ध विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस कथामा मूलतः कार्यात्मक र आख्यानात्मक तह रहेका छन् । कथामा समाख्यानात्मक अन्तर्वेशनको स्थिति नदेखिए पनि तीनवटा कथांश भने आएका छन् । यसले समाख्यानात्मक तहलाई व्यवस्थित बनाएको छ । पाठमा भएका घटनाक्रम र संवादलाई उदाहरणका रूपमा लिई समाख्यानात्मक तहलाई प्रस्ट पारिएको छ ।*

**शब्दकुञ्जी :** अन्तर्निष्ठ, अन्तर्वेशन, गैरआख्यानात्मक, बहिर्निष्ठ, सञ्चरण

## १. विषयपरिचय

'रातभरि हुरी चल्यो' आयामेली कथाकार इन्द्रबहादुर राईद्वारा लिखित कथा हो । सामाजिक यथार्थलाई मुख्य विषय बनाई लेखिएको यो कथा *विपना कतिपय* (२०१७) कथासङ्ग्रहमा सङ्गृहीत छ । यसमा मूलतः दार्जिलिङमा बसोबास गर्ने निम्नवर्गीय नेपालीको सामाजिक तथा मानसिक यथार्थको चित्रण गरिएको छ । सामाजिक यथार्थको सहयोगमा सबैलाई आफ्नै व्यथा ठुलो हुन्छ र मान्छेले आफूले भोगेको जीवनभन्दा नभोगेको जीवन सुन्दर देख्छ भन्ने मानवीय सत्यलाई प्रस्तुत गर्न यस कथामा समाख्यानात्मक तहको उचित विन्यास भएको छ। कथ्य विषय (कथा) र प्रस्तुतिशैली (सङ्कथन) बाट समाख्यानको निर्माण हुन्छ । Genette (1980) ले आख्यानात्मक पाठलाई समाख्यान भनेका छन् । आख्यानात्मक विधाको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने शास्त्रलाई समाख्यानसशास्त्र भनिन्छ । समाख्यानात्मक तह समाख्यानशास्त्रको एक महत्त्वपूर्ण विषय हो । यो समाआख्यानको मुख्य तत्त्व विषय (कन्टेन्ट) र सङ्कथन (डिस्कोर्स) दुवैसँग सम्बन्धित छ। समाख्यानात्मक तह एक विश्लेषणात्मक धारणा हो । यसको उद्देश्य भनेको कथात्मक घटनाहरूबिचको लम्बीय (भर्टिकल) सम्बन्धको व्याख्या गर्नु हो (Cost and Pier, 2009, p. 298) । त्यसै गरी Jahn (2017) का अनुसार कुनै समाख्यानात्मक पाठमा गैरआख्यानात्मक सञ्चरण, आख्यानात्मक सञ्चरण र कार्यात्मक गरी तीन तह रहन्छन् र यी तीन तहबाट निर्मित पाठ बहिर्निष्ठ वा प्रथम स्तरको समाख्यान र अर्न्तनिष्ठ वा दोस्रो स्तरको समाख्यान पनि हुन सक्छ (अनु, २.३.१-२.४.३) । यस अध्ययनमा जानका समाख्यानात्मक तहसम्बन्धी यिनै मान्यतालाई सैद्धान्तिक आधारका रूपमा लिई 'रातभरि हुरी चल्यो' कथाको विश्लेषण गरिएको छ। जानका यिनै मान्यताका आधारमा


'रातभरि हुरी चल्यो' कथाको समाख्यानात्मक तहको विश्लेषण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । इन्द्रबहादुर राईको साहित्यिक कृतिहरूको विधासिद्धान्तका आधारमा अध्ययन भए पनि 'रातभरि हुरी चल्यो' कथामा केन्द्रित भएर त्यसको समाख्यानात्मक तहको अध्ययन नभएको हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनको समस्यासित सम्बन्धित सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय कार्यका आधारमा गरिएको छ । यस्ता सामग्रीहरूका प्राथमिक र द्वितीयक गरी दुई किसिमका स्रोत रहेका छन् । यसका लागि प्राथमिक स्रोतको सामग्रीका रूपमा इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' कथा रहेको छ । द्वितीयक सामग्रीका रूपमा आधार भूत सैद्धान्तिक सामग्रीहरू, अनुसन्धानात्मक ग्रन्थ तथा लेख, शोधप्रबन्ध आदि रहेका छन् । सामग्री विश्लेषणमा मूलतः गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । यसैअन्तर्गत रहेर निगमन पद्धतिका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा निर्धारित समस्याको समाधानका लागि समाख्यानशास्त्री जान (Jahn) का समाख्यानात्मक तहसम्बन्धी अवधारणाको अध्ययन गरी सैद्धान्तिक पर्याधार तयार गरिएको छ । यस अध्ययनको सैद्धान्तिक ढाँचाको निर्माण कथामा समाख्यानात्मक तह तथा आख्यानात्मक अन्तर्वेशनको स्थिति अध्ययन गरिएको छ । स्थापित सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि प्रायोगिक पद्धतिको प्रयोग गरिएको छ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन वर्णनात्मक तथा विश्लेषणात्मक विधि उपयोग गरिएको छ ।

कथात्मक रचनायुक्त कथा आख्यान हो ।  मूलतः कथानक, चरित्र र परिवेशबाट आख्यानको निर्माण हुन्छ । यही आख्यानको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने शास्त्रलाई समाख्यानशास्त्र भनिन्छ । यसमा आख्यानको संरचना र स्वरूपको विश्लेषण गरिएको हुन्छ । आख्यानका विशुद्ध तत्त्वको मात्र नभई आख्यानात्मक सङ्कथनको व्याख्या गर्नु यसको मूल उद्देश्य रहेको हुन्छ । समाख्यान सङ्केतव्यवस्था भएकाले यसलाई पूर्ण पाठका रूपमा लिइन्छ । यस्तो खालको समाख्यानात्मक पाठमा एकातिर समाख्यानको मूल विषय र विषयको प्रस्तुति महत्त्वपूर्ण रूपमा आएका हुन्छन् । समाख्यानात्मक संरचना, तह, वाच्यत्व, सङ्केन्द्रण, स्वर, काल, भाव, समय आदि समाख्यानशास्त्रका मुख्य विवेच्य विषय हुन् । समाख्यानका मुख्य दुई तत्त्व कथ्य विषय (कन्टेन्ट) र अभिव्यक्ति शैली (डिस्कोर्स) हुन् । समाख्यानात्मक तह यी दुवै तत्त्वसँग सम्बन्धित छ (Chatman, 1978, p. 19) । समाख्यानात्मक तह समाख्यानात्मक संरचना र शैलीभित्र पर्ने विषय हो ।


समाख्यानको कथ्य विषयलाई समाख्याताले कतै सिधै सम्बोधितलाई, कतै चरित्रले चरित्रलाई तथा कतै एकल आख्यानका माध्यमबाट त कतै गर्भाख्यानका माध्यमबाट प्रस्तुत गरेको हुन्छ । कथ्य विषयको प्रस्तुतीकरणको तरिकालाई समाख्यानात्मक तह भनिन्छ । मूलतः समाख्यानात्मक तहमा एउटै कथा दिक् तथा कालमा रहेका कथ्य विषयको प्रस्तुतिको क्षितिज रेखीय सम्बन्धलाई हेरिन्छ (Coste and Pier, 2009, p. 295) । साहित्यिक समाख्यानमा कममा पनि तीन प्रकारका सम्प्रेषणात्मक तहको अन्योन्य अभिक्रिया भएको पाइन्छ र प्रत्येक तहमा सम्बोधक र सम्बोधित (प्रेषक र प्रेषित) को वर्ग हुन्छ भन्ने कुरा यस आरेखबाट प्रस्तुत गरिएको छ :




**आरेख १ : समाख्यानात्मक सम्प्रेषणको तह (Jahn, 2017, अनु. २.३.१)**

माथिको आरेखमा समाख्यानको गैरआख्यानात्मक सञ्चरण, समाख्यानात्मक मध्यस्थता वा समाख्यानात्मक सङ्कथन र कार्यात्मक गरी तीन तह हुने कुरा देखाइएको छ। समाख्यानात्मक पाठमा सबैभन्दा पहिलो तहका रूपमा गैरआख्यात्मक सञ्चरणको तह आउँछ। यसमा लेखक र पाठकको सम्बन्ध रहेको हुन्छ। यसले पाठात्मक सम्बन्धलाई नभई विश्वजगत्ले प्रभाव पार्ने पाठेतर सम्बन्धलाई सङ्केत गर्दछ (न्यौपाने, २०७६, पृ. ८५)। दोस्रो तहका रूपमा समाख्यानात्मक मध्यस्थताको तह आएको हुन्छ। यसमा समाख्याता र सम्बोधितबीचमा सम्बन्ध रहेको हुन्छ। यस तहले विश्वजगत्को सन्दर्भ र पाठमा हुने चरित्रका क्रियाकलापलाई जोड्ने काम गर्दछ। त्यसैले यसलाई गैरआख्यानात्मक तह र कार्यात्मक तहबिचको मध्यस्थताको तह भनिन्छ। यसै तहमा समाख्याताले कुनै निश्चित कथ्य विषय वा विचारलाई सम्बोधितसामु सम्प्रेषण गर्दछ। यसमा समाख्याता र सम्बोधित प्रस्ट रूपमा प्रकट नभएको पनि हुन सक्छ। समाख्यानको तेस्रो तह कार्यात्मक तह हो किनभने यस तहमा चरित्रको सक्रिय भूमिका र कार्यव्यापार प्रस्तुत गरिएको हुन्छ। यही तहमा समाख्यानको व्युत्पादन हुन्छ। कतिपय सन्दर्भमा माथिल्लो तहले तल्लो तहलाई नियन्त्रण गर्नुको साथै अतिक्रमण पनि गरेको हुन सक्छ। समाख्याताले सत्य र काल्पनिकताका अस्पष्ट रेखालाई सुझबुझका साथ नै कोरेको हुन्छ र समाख्यानमा भ्रम सिर्जना गरेको हुन्छ। समाख्यानमा सत्यतालाई प्रस्तुत गर्न तहको अतिक्रमण गरिएको हुन्छ (न्यौपाने, २०७६, पृ. ८७)। मूलतः दोस्रो र तेस्रो तहमा नै समाख्यानात्मक संरचनाले पूर्णता पाएको हुन्छ।

समाख्यानात्मक तहले कथाभित्र कथानक कसरी विकसित भएको छ र कथानकको पूर्णताका लागि कथामा आएका कथांशको भूमिका कस्तो रहेको छ भन्ने कुरालाई निर्दिष्ट गर्दछ। समाख्याताले एउटा मुख्य कथानकभित्र फरक प्रसङ्गका साथ अर्को कथानकलाई अन्तर्वेशन गरेको हुन्छ। यस्तो समाख्यान तल्लो समाख्यानात्मक तहमा वा उपाख्यानका रूपमा रहन्छ। त्यसैले यस्तो अन्तर्वेशनको स्थितिलाई प्रस्ट पार्न Barth (1984) ले 'कथाभित्र कथा, कथाभित्र कथा' को अवधारणालाई अगाडि सारे। समाख्यानात्मक पाठमा एउटा कथा मूल कथा हुन्छ र त्यो मूल कथाभित्र अर्को कथाको अर्न्तेवशन हुन्छ भन्ने धारणा छ। यसै क्रममा Bal (1981) ले समाख्यानात्मक पाठमा मुख्य समाख्यान (Matrix Narative) तथा अश्रित समाख्यान (Hyponarative), Genette (1980) ले  बहिर्निष्ठ (एक्ट्राडाइजेटिक) र अन्तर्निष्ठ (इन्ट्राडाइजेटिक) समाख्यान र Rimmon-Kenan ले तहगत समाख्यान (प्रथम स्तर, दोस्रो स्तर र तेस्रो स्तर) हुने कुरा उल्लेख गरेका छन्। बल, जिनेट, बार्थ र रिमोन-केननको मान्यताको अध्ययन गर्दै समाख्यानात्मक अन्तर्वेशनका सन्दर्भमा जानले आरेखबाट आफ्नो धारणा यसप्रकार प्रस्तुत गरेका छन् :




**आरेख २ : समाख्यानात्मक अन्तर्वेशनको स्थिति (Jahn, 2017, अनु. २.४.३)**

उपर्युक्त आरेख २ ले समाख्यानात्मक तहको अन्तर्वेशनलाई प्रस्ट पारेको छ। उदाहरण 'अ' मा 'क' मुख्य समाख्यान हो। यो बहिर्निष्ठ समाख्यान हो। यसले समाख्यान 'ख' लाई आफूमा अन्तर्वेशन गरेर आवरण (फ्रेम) समाख्यानको काम गरेको छ। समाख्यान 'ख' गर्भाख्यान हो। यसको प्रस्तुति अर्को वा कथा दिक् र कालभन्दा बाहिरको समाख्याताबाट भएको छ। उदाहरण 'आ' मा 'क' प्रथम स्तरको समाख्यान हो। यसभित्र समाख्यान ख १ र समाख्यान ख २ आश्रित समाख्यान वा दोस्रो स्तरको समाख्यानका रूपमा आएका छन्। त्यसै गरी समाख्यान ख २ भित्र रहेको 'ग' तेस्रो स्तरको समाख्यानका रूपमा आएको छ। 'ग' समाख्यान ख २ समाख्यानको आश्रित समाख्यान हो भने ख २ चाहिँ 'ग' समाख्यानको आवरण समाख्यानका रूपमा रहेको छ। यसरी पहिलो तहमा अन्तर्वेशन भएर आउने कथाको प्रसङ्गले दोस्रो तहलाई र दोस्रो तहमा अन्तर्वेशन भएर आउने कथाप्रसङ्गले तेस्रो तहलाई जनाउँछ। उनको मान्यतानुसार मूल समाख्यानमा उपाख्यानका साथै कथांशहरू पनि अन्तर्निहित हुन्छन्। यिनीहरूले समाख्यानमा कार्यात्मक एकत्व निर्माण गर्ने, मुख्य कथाको स्पष्टता प्रदान गर्ने, कथाको विकासमा विलम्ब गर्ने र सादृश्यलाई प्रस्तुत गर्ने कार्य गर्दछ (Jahn, 2017, अनु. २.४.६)। यसरी मूल समाख्यानलाई समर्थन गर्न र विरोध गर्न यस्ता खालका अन्तर्आख्यान तथा कथांशहरू आएका हुन्छन्।

समाख्यानात्मक तह समाख्यानको संरचना र सङ्कथन दुवैसँग सम्बन्धित छ। मूलतः समाख्यानका आख्यानात्मक र गैरआख्यानात्मक गरी दुई तह हुन्छन्। आख्यात्मक तहमा पनि कार्यात्मक तह र मध्यस्थता वा पाठात्मक सञ्चरणको तह गरी दुई तह हुन्छन्। यिनै तहमा रहने समाख्यानभित्र मुख्य समाख्यान र आश्रित समाख्यान तथा कथांश पनि आएका हुन सक्छन्। यस्ता तत्त्वबाट समाख्यानात्मक संरचनाले पूर्णता पाउँछ।

## ३. रातभरि हुरी चल्यो कथाका समाख्यानात्मक तहहरू

इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' एकल वा बहिर्निष्ठ समाख्यानात्मक संरचनाबाट निर्मित कथा हो। यस कथामा बहिर्निष्ठ समाख्याताले आफू स्वतन्त्र द्रष्टा भएझैँ गरी सम्पूर्ण कथाको विकासलाई नियालेको छ। कथामा

कथाभित्र कथा वा अन्तर्आख्यान नभएकाले यसलाई प्रथम स्तरको समाख्यान भन्न सकिन्छ । यति हुँदाहुँदै पनि यसभित्र ससाना कथांशहरू भने अन्तर्वेशन भएका छन् । यस कथाको समग्र समाख्यानात्मक तहको विश्लेषण गर्न विश्लेष्य कथाबाट केही अंशहरू उदाहरणका रूपमा लिइएका छन्; ती यस प्रकार छन् :

**उदाहरण १**

छानामा ठोकेको मट्टीतेलका टिनहरूलाई हावाले फेरि 'खल्टाङ खल्टाङ खटखट खल्टाङ' गर्दै एकोहोरो तौरले हल्लाउन थालेको छ । छप्परै उडाएर लैजाला भन्ने मनभित्र डर लागेर आउँछ । घरभित्र छिरेको हावाले हल्लाएको डिबीको धमिलो उज्यालोमा कालेको बाबु र आमा दुवैले माथि धुरीतिर हेरे-दाउरा बालेको धुँवाले रङ्गिएका काला टिनहरू, ऐले कुनैकुनैमा पानीका दानाहरू पसिना आएझैं देखिन्छ । (पृ. ४३)

**उदाहरण २**

"तेरै जिद्दीले यस्तो ठाउँमा घर बनाएको" लोग्नेले एकाएक झोक्किएर भन्यो- "नभएदेखि मज्जासँग पुलिस काम गरेर बजारबीचमा बिल्डिङमा बस्तै थियौं, हावको डर न पैराको डर ।" (पृ. ४४)

**उदाहरण ३**

चिया खाएर ऊ उठ्यो । दैलोतिर जाँदा चुहेको पानी थापेको भाँडा हिर्काएछ पानी छताछुल्ल भयो । कस्तो आँखा नहेरेको भन्दै स्वास्नीचाहिंले बोरा ल्याएर ओछ्याई । उसले केही भनेन ।

...बीचबीचमा अरू किसिमको आवाज पनि भएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै खनिउँको रुख बगाएर ल्याएको वा पहिरो झरेर माटोले खोलाको पानी जम्मै पहेंलो भएको अन्दाज काट्यो । ...टस ल्याऊ टस । (पृ. ४५)

**उदाहरण ४**

कालेकी आमाले भनी- "हामी त झिमिक्क गरेका छैनौं ।" "हामी पनि त !" बाबुनानीले भनी- "रातभरि हावाले यो खिर्की घिटिक्घिटिक घिटिक्घिटिक हल्लाइरह्यो, मलाई त निन्द्रै लागेन । कस्तो हावा चलेको त्यस्तो ।" (पृ. ४८)

**उदाहरण ५**

व्यर्थैमा हामीले बारी गर्ने भएर यो आपत् बेसाएको- उसको मनमा लाग्दै आयो- नत्र सुखसँग बजारमै बसेका थियौं । महिना मर्नासाथ तलब पाउँथ्यौं, सुरुबरु पुगेकै थियो । केटाकेटीहरूलाई स्कुल जानु नजिक, पानी भर्न जानलाई सिकसिको थिएन, सडक सजिलो राम्रो, न हावाको डर न पहिरोको डर । बित्थैमा नदुखेको कपाल बारी लिने भएर दुखाएको... । (पृ. ४९)

**उदाहरण ६**

ठेकाभरको डेढ सेर हाल्दै गर्दा भित्रबाट दोरङ्गिनी कराई- "फाल्टु तीन सेर भोलि ल्याइदेऊ है, बोजु खिर खानलाई । राम्रो ल्याइदेऊ है ।"

...दोरङ्गिनीले र दरबाजामा निस्केर कालेकी आमाले भिजेको लुगाहरूलाई हेर्दै भनी– "तिमीले ल्याइदेऊ न । अरूकोमा म खोज्न कहाँ जानु... ।"

..."पुग्दैन..." थकित कुण्ठित स्वर उसको अन्तरबाट निस्क्यो ।

...फूल मटर मात्र किन्न आएकी एउटी दर्जिनीलाई कालेकी आमाले सोधी- "तिमीहरू बसेको छेउछाउमा कतै कोठा खाली छैन, बैनी ?" "छैन किन दिदी, तिम्रोतिर पैरो गयो कि..."


...चौकिदारनीले तातिरहेको चिया उतारेर अँगेनोमा दूध बसाउँदै सोधी- "बैनीहरूको तिर कस्तो छ ? हुरीले सारो बिगाऱ्यो होला है ।" (पृ. ५०–५४)

**उदाहरण ७**

के भयो ? किन मान्छेहरू भेला भाका ? उसले पल्लो घरबाट आएर दूध थापिदिने आइमाईसँग सोधी । "निनीकी आमा राति लडेर होशै विहोश छ ।" उसले सुनी- रातको ठूलो पानीमा सेतो बिरालो दैलो थुन्दा बाहिर परेछ, कति म्याउँम्याउँ गऱ्यो होला तर पानीले सुनिँदै सुनिएन । अलिक पानी थामिदा बिरालोको खोज भयो । बाहिर खोज्दा कति बोलाउँदा पनि बिरालो आएन । तलतिर जाँदा खराउ चिप्लेर निनीकी आमा तल बाटोमा बजारिन पुगिछ । हतार हतार डाक्टर बोलाइयो, डाक्टर पनि छिटो आएन ।

...लोग्नेचाहिं रुँदै बाहिर आएको उसले देखी । उसले सुनी- त्यो आइमाई मरिछ । (पृ. ५३)

उल्लिखित सातवटा उदाहरणका आधारमा 'रातभरि हुरी चल्यो' कथाको समाख्यानात्मक तहलाई आरेखमा यस प्रकार प्रस्तुत गरिएको छ :




**आरेख ३ : 'रातभरि हुरी चल्यो' कथाको समाख्यानात्मक तह**

प्रस्तुत कथामा सबैभन्दा बाहिर वा तह १ मा गैरआख्यात्मक तह रहेको छ । यो समाख्यानात्मक दिक् तथा कालभन्दा बाहिरको तह हो किनभने समाख्यानात्मक दिक् तथा कालमा भौतिक रूपमा न लेखकको न पाठकको उपस्थिति हुन्छ । लेखकले आफ्ना विचार वा जीवनदृष्टि पाठकसमक्ष प्रस्तुत गर्न समाख्यानात्मक तहको निर्माण गर्दछ । समाख्यानात्मक तह २ र ३ मा समाख्यानात्मक संसारको निर्माण भएको छ ।

तह २ मा समाख्याता प्रेषक र सम्बोधित प्रापकका रूपमा रहेका छन् । यस तहमा समाख्याताले वर्षाको समयमा एउटा ग्रामीण किसान परिवारले भोग्नु परेको प्राकृतिक प्रकोपको पीडालाई वर्णन गरिरहेको छ । यस कथामा समाख्याता असंलग्न भएकाले कथाको घटना प्रस्तुतिको शैलीका आधारमा मात्र यसको महसुस गर्न सकिन्छ । यसमा समाख्याताले दार्जिलिङका गाउँ र सहरी क्षेत्रलाई परिवेश बनाई सबै मान्छेलाई आफ्नै व्यथा ठुलो लाग्छ, मान्छेले आफूले भोगेको भन्दा नभोगेको जीवनमा सुख देख्छ भन्ने सन्देश प्रेषित गरिरहेको छ । कथामा रातभरि चलेको हुरीले पुऱ्याएको भौतिक तथा मानसिक क्षति, प्राकृतिक विपत्तिबाट बाँच्नका लागि सोचिएका उपायहरू, कालेको बाबु तथा आमाको आपतविपत जहाँ र जहिले पनि आइलाग्ने भएकाले यसको सामना गर्नुको विकल्प छैन भन्ने निष्कर्षलाई समाख्याताले आफू द्रष्टा भई कसैलाई सुनाएझैँ, कसैलाई बुझाएझैँ, कसैलाई सम्बोधन गरेझैँ गरी प्रस्तुत गरेको छ । रातभरि चलेको हुरीले पारेको प्रभाव, उब्जाएको डर, कालेका बाबु र आमाले गरेका सङ्घर्षलाई समाख्याताले कुनै अज्ञात सम्बोधितलाई भनिरहेको कुरालाई माथि दिइएको उदाहरण १ र ३ ले प्रस्ट पारेको छ । उदाहरण १ मा टिनहरूलाई हावाले हल्लाइरहेको दृश्य, हावाले हल्लाएको डिबीको धमिलो उज्यालोको दृश्य, कालेको आमाबुबाले धुरीतिर हेरेको दृश्य, धुवाँले रङ्गिएका काला टिनमा पानीका दाना आइरहेको दृश्य, टिन हल्लिएर आएको खटखट खल्टाङ आवाजको श्रवण र एकोहोरो तवरले लागेको हावाले छप्पर उडाएर लैजाला भन्ने डरको समाख्याताले आफैँले देखे, सुने र अनुभूत गरे जस्तो ढङ्गले सम्बोधितसमक्ष वर्णन गरिरहेको छ । त्यसै गरी उदाहरण ३ मा कालेको बुबा उठेको, चुहिएको पानी थापेको भाँडाबाट पानी छताछुल्ल पोखिएको र कालेको बुबाले पहिरो हेर्न बाहिर जानको लागि टस मागेको दृश्यलाई कथामा समाख्याताले आफैँ द्रष्टा भई प्रस्तुत गरिरहेको छ । यसरी कथामा आएका उल्लिखित कथ्यहरूको प्रस्तुति हेर्दा यो कथा बहिर्निष्ठ समाख्यानात्मक संरचनामा संरचित छ । उपर्युक्त किसिमले समाख्याता कथाभन्दा बाहिर बसेर कथ्यविषयको सम्प्रेषण भई विश्लेष्य कथाको समाख्यानात्मक सङ्कथन वा सञ्चरणको तह निर्माण भएको छ ।

तह ३ मा कथामा आएका पात्रका भूमिका तथा क्रियाकलापले समाख्यानको निर्माण भएको छ । कथामा मुख्य पात्रहरू कालेकी आमा र बाबुको भूमिका तथा सहायक पात्रहरू बाबुनी, दोरङ्गिनी, दर्जिनी, दुध थाप्ने आइमाई र चौकिदारनीका क्रियाकलापले यस कथाको कार्यात्मक तह निर्मित भएको छ । उदाहरण २ मा कालेको बाबुले कालेकी आमालाई प्राकृतिक विपत्तिले दुःख पाएपछि आफू पुलिस भएर आनन्दले बसेको घटना स्मरण गराइरहेको छ । यसमा ऊ कथाभित्रको कथांशको वाचकको भूमिकामा देखिएको छ । यहाँ कालेको बुबाले आफ्नो अतीतको कथा भन्ने र कालेकी आमाले सुन्ने कार्यव्यापार गरेका छन् । उदाहरण ४ मा कालेकी आमा र बाबुनीबिच रातभरको हावाले निम्त्याएको डरका बारेमा संवाद भएको छ । यसमा दुवै पात्रले पालैपालो वाचक र श्रोताको भूमिका निर्वाह गरेका छन् । त्यसै गरी उदाहरण ५ मा कालेकी आमाले बजारमा बसोबास गर्दाको सुखद जीवनको स्मृतिलाई प्रस्तुत गरेकी छ । यसमा ऊ कथांश वाचकका रूपमा देखिएकी छ । दुध बेच्न बजार हिँड्दा उसका मनमा बजारमा हुँदा महिना पुग्नासाथ तलब मिल्ने, केटाकेटीलाई स्कुल जान नजिक, सडक राम्रो तथा सजिलो, हावा र पहिरोको डर नभएको, बारी गर्ने भनी पहाडमा बसोबास गर्दा दुःख पाएको जस्ता अनेक तर्कनाहरू खेल्न थाल्दछन् । यसबाट कथानकको विकास भई समाख्यान निर्माणमा सहयोग पुगेको देखिन्छ । उदाहरण ६ मा दोरङ्गिनी र कालेकी आमाबिच खिर खानका लागि थप

दुध ल्याउने विषयमा, कालेकी आमा र दर्जिनीबिच भाडामा बस्नका लागि खाली कोठा खोज्ने विषयमा र कालेकी आमा र चौकिदारनीबिच हुरीले पारेको प्रभावको विषयमा संवाद भएको छ । पात्रहरूका यस्ता संवादात्मक क्रियाकलापले कथानकको विकासलाई थप प्रभावोत्पादक बनाएको छ । उदाहरण ७ मा दुध थाप्ने आइमाईले कालेकी आमालाई राति घरबाहिर परेको बिरालो खोज्न जाँदा खराउ चिप्लेर निनीकी आमाको मृत्यु भएको कथा सुनाएकी छ । यसमा दुध थाप्ने आइमाई कथांश वाचक र कालेकी आमा श्रोताका रूपमा रहेकी छ । उनीहरूबिच भएको कथांश वाचनश्रवण क्रियाकलापले समग्र आख्यानलाई रोचक र कुतूहलपूर्ण बनाएको छ । यसरी कथामा पात्रहरूका उल्लिखित सक्रिय भूमिका र कार्यव्यापारले आख्यानात्मक स्वरूप प्राप्त भएको छ र यसबाट कार्यात्मक तहको निर्माण भएको छ ।

'रातभरि हुरी चल्यो' कथाको तह २ मा रहेको समाख्याताले जीवनका विसङ्गति र जिजीविषालाई तह ३ मा पात्रका कार्यव्यापार सम्पन्न गराई सन्देशका रूपमा प्रस्तुत गरेको छ । मान्छेले आफूले भोगेको जीवनभन्दा नभोगेको जीवन सुखद देख्छ, प्राकृतिक विपत्ति चाहे गाउँ चाहे सहर जहाँ पनि आइलाग्छ, मान्छेले जीवनमा आइपर्ने दुःखको सामना गरी आशावादी भएर अगाडि बढ्नुपर्छ भन्ने जीवनदृष्टिलाई समाख्याताले आफू द्रष्टा भई पात्रका कार्यव्यापारका माध्यमबाट प्रस्तुत गरेको छ । तह २ मा रहेको समाख्याताले तह ३ का पात्रका क्रियाकलापलाई उपर्युक्त ढङ्गले जोडेर समग्र समाख्यानात्मक स्वरूपको निर्माण गरेकाले यसले समाख्यानात्मक मध्यस्थताको काम गरेको कुरा प्रस्ट हुन्छ ।

'रातभरि हुरी चल्यो' कथामा समाख्यानात्मक अन्तर्वेशनको स्थिति देखा पर्दैन । त्यसैले यो प्रथम स्तरको समाख्यान रहेको कथा हो । प्रस्तुत कथामा समाख्यानात्मक संरचनाको पूर्णताका लागि केही कथांशहरू भने आएका छन्, जुन यस प्रकारका छन् :

समाख्याता........................................................................ ......सम्बोधित

**कथांश १**
पुलिस हुँदा आनन्द रूपले बिताएको समयको स्मरण (उदाहरण २)

**कथांश २**
बजारमा बस्ताको सुखमय जिन्दगीको कथा (उदाहरण ५)

**कथांश ३**
निनीको आमा चिम्लेर मरेको कथा (उदाहरण ७)

**आरेख ४ : 'रातभरि हुरी चल्यो' कथाभित्र कथांशको स्थिति**

'रातभरि हुरी चल्यो' कथामा समाख्यानात्मक तहको पूर्णताका लागि तीनवटा कथांशहरू अन्तर्वेशन भएका छन् । कालेको बाबुको स्मृतिपटमा आएको आफू पुलिस हुँदा सुखसँग बसेको कथा पहिलो कथांशका रूपमा आएको छ । कथामा यो कथांश कथानक विकासको आरम्भका रूपमा आएको छ । रातभर परेको पानीले उत्पन्न गरेको सङ्कटका कारण कार्यस्वरूप कालेका बाबुले आफ्नो अतीतको सुखमय जीवनको स्मरण आएको छ । यो कथांश कथामा आकस्मिक परिस्थितिका कारण निर्माण भएकोले यसले कथानकको सङ्घर्षविकासको चरणलाई सङ्केत गरेको छ । यसलाई उदाहरण २ मा प्रस्ट पारिएको छ ।

कालेकी आमाको सुखसँग सहरमा बसेको आफ्नो परिवारको कथा दोस्रो कथांशको रूपमा संरचित छ । कथामा कालेका बाबुले सहरमा आनन्दसँग बसिरहेकामा तिम्रै गाउँमा कृषि गरेर बस्ने निर्णयका कारण यस्तो दुःख पाइयो भनेपछि त्यसको कार्यस्वरूप काकालेकी आमाले आफ्नो परिवारको सहरको कथा सम्भिन्छे । उसले सहरमा दुध बेच्न जाँदा मनमनै गाउँले जीवनभन्दा सहरिया जीवन नै सहज हुने विचारको मन्थन गरिरहेकी छे । यसले कथाको चरम वा मध्यावस्थालाई सङ्केत गरेको छ, जसलाई उदाहरण ५ ले समेटेको छ ।

त्यसै गरी तेस्रो कथांशका रूपमा निनीकी आमा राति घरबाहिर परेको बिरालो खोज्न जाँदा चिप्लेर मरेको कथा आएको छ । यो काथांश कथामा सङ्घर्षह्रासको रूपमा आएको छ । कथामा कालेकी अमाको मनमा चर्को सङ्घर्षको रूपमा उत्पन्न सुख प्राप्तिका लागि सहर ठिक भन्ने विचारलाई निनीको आमाको घरमै चिप्लेर मरेको घटनाले मत्थर बनाएको छ । यसबाट कालेकी आमाको मनमा प्राकृतिक प्रकोप गाउँसहर सबैतिर आउने भएकोले पुनः गाउँमै बस्ने विचार उत्पन्न भएको छ र कथामा पात्रको सङ्घर्ष टुङ्गेर समाख्यान पूर्ण भएको छ, जसलाई उदाहरण ७ ले प्रस्ट पारेको छ । प्रस्तुत समाख्यानभित्र अन्तर्वेशित उल्लेखित कथांशहरूले आख्यानात्मक एकत्व र विकास तथा कार्यात्मक तहको पूर्णता प्रदान गरी समग्र समाख्यानात्मक तहको निर्माणमा सहयोग गरेको छ ।

## ४. निष्कर्ष

इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' कथा आख्यानात्मक सञ्चरण र कार्यात्मक तहबाट संरचित छ । समाख्यानात्मक सञ्चरण वा पाठीय तहमा बहिर्निष्ठ समाख्याताले प्राकृतिक विपत्ति जहाँ र जहिले पनि पर्न सक्ने भएकाले यसको सामना गर्नुको विकल्प छैन भन्ने कथाको निष्कर्षलाई अज्ञात सम्बोधितलाई सम्बोधन गरिरहेको छ । त्यसै गरी कथाका मुख्य पात्र कालेकी आमा र कालेका बुबाको सक्रिय भूमिका र सहायक पात्रहरू बाबुनी, दोरङ्गिनी, दर्जिनी, चौकिदारनी आदिका क्रियाकलापबाट कार्यात्मक तहको निर्माण भएको छ । समाख्याताले जीवनमा सङ्घर्षको सामना जहाँ पनि गर्नुपर्ने विचारलाई चरित्रका कार्यव्यापारको सहयोगले प्रस्तुत गरेर यस कथाको समाख्यानात्मक संरचना निर्माण भएको छ । बहिर्निष्ठ समाख्याताले द्रष्टा भएर सम्पूर्ण आख्यानको निर्माण गरेको छ । यसैले यस कथामा एकल वा प्रथम स्तरको समाख्यानात्मक संरचना छ । कथाभित्र आएका तीनवटा कथांशले समाआख्यानको कार्यात्मक तहलाई पूर्णता दिएका छन् । यस्ता कथांशले कथामा घटनाको कारण-कार्य सम्बन्धको आधारमा समाख्यानात्मक एकत्व र विकास कायम राखेको देखिन्छ । यसरी कथामा समाख्यानात्मक तहको आपसी सम्बन्ध स्थापना भई 'रातभरि हुरी चल्यो' कथामा पूर्ण समाख्यानात्मक संरचना निर्माण भएको छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, देवीप्रसाद (२०७१), 'आख्यानमा समाख्याता', *वाङ्मय,* १५, पृ. १–१७ ।

न्यौपाने, भुवन (२०७५), *विश्वेश्वरप्रसाद कोइरालाका कथाको सङ्कथन विश्लेषण.* अप्रकाशित विद्यावारिधि शाोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय, त्रिवि, कीर्तिपुर ।

राई, इन्द्रबहादुर (सन् १९६१), 'रातभरि हुरी चल्यो', *विपना कतिपय,* दार्जिलिङ : नवयुग नेपाली पुस्तक मन्दिर, पृ. ४३–५४ ।

Bal, Mieke (1985). N*arratology: Introduction to the Theory of Narrative.* Toronto: University of Toronto Press.

Barth, John (1984). Tales within Tales Within Tales. *The Friday Book: Essay and Other Non-Fiction*. New York: Putnam.

Chatman, Seymour (1978). *Story and Discourse: Narrative Structure in fiction and Film.* London: Coronell University Press.

Coste, Didier and Pier (2009). Narrative Levels. *Handbook of Narratology* (Eds.), Peter Huhn, John Pier, Wolf Schmid, Jorg Schonert. New York: Walter de Gruyter, pp. 295-308.

Genette, Gerard (1980). *Narrative Discourse: an Essay in Method*. New Work: Cornell University Press.

Genette, Gerard (1988). *Narrative Discourse*: *Revisited* (Trans.) Jane E. Lewin. New Work: Cornell University Press.

Jahn, Manfred (2017). *Narratology: A Guide to the Theory of Narrativ.* University of Cologne: English Department.

Prince, Gerald (1982). *Narratology: The Form and Functioning of Narrative*. Berlin: Mounton.

Rimmon-Kenan, Shlomith (1983). *Narrative Fiction: Contemporary Poetics.* London: Methuen.